# विहादी गाउँपालिका

## स्थानीय राजपत्र



| खण्ड १० | संख्या ५ | मिति २०८३।०५।०४ |
|---|---|---|



# भाग २

## विहादी गाउँपालिका
## गण्डकी प्रदेश, नेपाल

## संवत २०८३ सालको कार्यविधि / निर्देशिका / मापदण्ड संख्या ५

**बिहादी गाउँपालिकाको प्रविधि हस्तान्तरण तथा व्यवस्थापन कार्यविधि, २०८३**

बिहादी गाउँपालिका क्षेत्रभित्र उपलब्ध स्थानीय कच्चा पदार्थ (जस्तै: कृषि उपज, पशुजन्य उत्पादन, बाँस, काठ, पात, माटो, जडीबुटी तथा अन्य स्थानीय स्रोत) को अधिकतम सदुपयोग गर्दै; आधुनिक तथा उपयुक्त प्रविधिको हस्तान्तरण, प्रयोग र व्यवस्थापनमार्फत स्थानीय बासिन्दालाई उद्यमशील, आत्मनिर्भर र स्वरोजगार बनाउन; स्थानीय उत्पादनको गुणस्तर वृद्धि गरी ब्राण्डिङ तथा बजारीकरणमा सहयोग पुऱ्याउन र पारदर्शी रूपमा प्रविधि/उपकरण वितरण गर्न कार्यविधि बनाई लागु गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा ३ तथा विहादी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यो कार्यविधि निर्माण गरि प्रकाशन गरिएको छ।

## बिहादी गाउँपालिकाको प्रविधि हस्तान्तरण तथा व्यवस्थापन कार्यविधि, २०८३

### प्रस्तावना:

बिहादी गाउँपालिका क्षेत्रभित्र उपलब्ध स्थानीय कच्चा पदार्थ (जस्तै: कृषि उपज, पशुजन्य उत्पादन, बाँस, काठ, पात, माटो, जडीबुटी तथा अन्य स्थानीय स्रोत) को अधिकतम सदुपयोग गर्दै; आधुनिक तथा उपयुक्त प्रविधिको हस्तान्तरण, प्रयोग र व्यवस्थापनमार्फत स्थानीय बासिन्दालाई उद्यमशील, आत्मनिर्भर र स्वरोजगार बनाउन; स्थानीय उत्पादनको गुणस्तर वृद्धि गरी ब्राण्डिङ तथा बजारीकरणमा सहयोग पुऱ्याउन र पारदर्शी रूपमा प्रविधि/उपकरण वितरण गर्न कार्यविधि बनाई लागु गर्न वाञ्छनिय भएकोले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ एवं दफा १०२** ले दिएको अधिकार प्रयोग गरी बिहादी गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"बिहादी गाउँपालिकाको प्रविधि हस्तान्तरण तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"गाउँपालिका"** भन्नाले बिहादी गाउँपालिका सम्झनु पर्छ।

(ख) **"गाउँ कार्यपालिका"** भन्नाले बिहादी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ।

(ग) **"प्रविधि तथा उपकरण"** भन्नाले कृषि, पशुपालन, स्वरोजगार, नवपर्वधन, स्थानीय कच्चा पदार्थ प्रशोधन, हस्तकला, कपडा सिलाई,आरन सुधार, साबुन/डिटरजेन्ट, माटोका भाँडा, पेय पदार्थ उत्पादन तथा परिक्षण उपकरण, फर्निचर, निर्माण वा अन्य घरेलु तथा साना उद्यममा प्रयोग हुने मेसिनरी, औजार,बीउँपुँजी, प्रविधि र उपकरण सम्झनु पर्छ।

(घ) **"प्रविधि हस्तान्तरण"** भन्नाले गाउँपालिकाद्वारा पूर्ण अनुदान, आंशिक अनुदान वा सहजीकरणमार्फत उद्यमी, समूह वा सहकारीलाई उपलब्ध गराइने मेसिनरी, प्रविधि, बीउँपुँजी, तथा उपकरण हस्तान्तरण गर्ने कार्य सम्झनु पर्छ।

(ङ) **"उद्यमी"** भन्नाले प्रविधि प्राप्त गरी उत्पादन वा सेवामूलक कार्यमा संलग्न हुने व्यक्तिगत उद्यमी, फर्म, आमा समूह, युवा समुह, कृषक समूह, लघु समुह, उपभोक्ता समिति वा सहकारी सम्झनु पर्छ।

### परिच्छेद-२: प्रविधि हस्तान्तरणका उद्देश्य तथा क्षेत्रहरू

**३. उद्देश्यहरू:**

(क) स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ र स्रोत-साधनको प्रशोधन, गुणस्तर सुधार र व्यवसायीकरण गर्ने।

(ख) वास्तविक विपन्न, परम्परागत सीप भएका, महिला, युवा तथा लक्षित वर्गलाई आधुनिक प्रविधि हस्तान्तरण गरी दिगो स्वरोजगार सिर्जना गर्ने ।

(ग) स्थानीय उत्पादनको ब्राण्डिङ, प्याकेजिङ र बजारीकरण गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

(घ) कृषि तथा पशुजन्य उत्पादकत्व वृद्धि गरी परम्परागत खेती प्रणाली र पशुपालनलाई यान्त्रीकरण र व्यवसायीकरणतर्फ रुपान्तरण गर्ने ।

**४. प्रविधि हस्तान्तरणका प्रमुख क्षेत्रहरू:**

गाउँपालिकाले निम्न क्षेत्रहरूमा आधारित रही प्रविधि हस्तान्तरण गर्न सक्नेछ:

- **कृषि तथा पशुपालन क्षेत्र:** कृषि यान्त्रीकरण (हलो, ट्र्याक्टर, मिनी टिलर,कुटानीपिसानि, थ्रेसर), सिँचाइ पम्प, प्रशोधन मेसिन, दुग्ध प्रशोधन (चिलिङ भ्याट, क्रिम सेपरेटर), हाईटेक टनेल, स्पेयर, मल्चिङ, दाना उत्पादन उपकरण तथा घाँस काट्ने चफ कटर आदि ।
- **घरायसी उपभोग्य सामग्री उत्पादन:** हर्बल तथा घरायसी साबुन निर्माण मेसिन, भाडाकुडा, बीउँपुँजी, डिटरजेन्ट (पाउडर/लिक्विड) मिक्सिङ तथा सिलिङ मेसिन आदि।
- **वन तथा प्राकृतिक स्रोतमा आधारित उद्यम:** साल लगायत अन्य रुखका पातबाट दूना-टपरी बनाउने मेसिन, बाँस तथा काठ प्रशोधन (ट्रिटमेन्ट), फर्निचर र हस्तकला बनाउने उपकरण आदी ।
- **कपडा तथा फेसन डिजाइनिङ:** आधुनिक इलेक्ट्रिक सिलाई मेसिन, इन्टरलक मेसिन, तान तथा फेसन डिजाइनिङ उपकरण ।
- **परम्परागत तथा सांस्कृतिक उद्यम:** परम्परागत माटोका भाँडा निर्माणका लागि इलेक्ट्रिक चक्का र भट्टी प्रविधि, आरन सुधार र स्थानीय पेय पदार्थ (कोदोको रक्सी आदि) उत्पादनको लागि उपकरण, प्रशोधनका लागि डिस्टिलेसन प्लान्ट, फिल्टर र तापक्रम मापन यन्त्र ।
- **जडीबुटी तथा खाद्य वस्तु प्रशोधन:** फलफूल/कृषि उपज सुकाउने ड्रायर मेसिन, जुस/ज्याम प्रशोधन, प्याकेजिङ, भ्याकुम, फिलिङ, सिलिङ र ब्राण्डिङ डिजाईन तथा उपकरण ।

बिहादी गाउँपालिका
स्था: २०७३ Bihadi Rural Municipality Est: 2073
समुन्नत बिहादी, सम्मानित बिहादीवासी

## परिच्छेद-३: योग्यता, छनोट आधार र लागत सहभागिता

**५. आवेदकको योग्यता:**

(क) बिहादी गाउँपालिकाको स्थायी बासिन्दा वा गाउँपालिकाभित्र वा जिल्ला प्रशासन कार्यालयमा दर्ता भई सञ्चालनमा रहेको उद्योग, समूह, सहकारी वा फर्म ।

(ख) सम्बन्धित कार्यका लागि आवश्यक न्यूनतम सीप/तालिम प्राप्त गरेको वा परम्परागत अनुभव भएको ।

(ग) प्रविधि हस्तान्तरणपश्चात् उद्योग/व्यवसाय गर्नुपर्ने हकमा कम्तीमा ३ वर्ष निरन्तर सञ्चालन गर्ने लिखित प्रतिबद्धता जनाएको ।

**(घ) थप योग्याताहरू (सम्बन्धित कार्यविधिका लागि आवश्यक):**

- स्थायी लेखा नम्बर (PAN/VAT) मा दर्ता भएका उद्योग/फर्म वा सहकारीको हकमा अघिल्लो आर्थिक वर्षको कर चुक्ता (Tax Clearance) प्रमाणपत्र पेस गरेको र नवीकरण भएको हुनुपर्ने।
- गाउँपालिका वा वडा कार्यालयमा बुझाउनुपर्ने कुनै पनि कर, शुल्क वा राजस्व/बक्यौता बाँकी नरहेको (वडा कार्यालयको सिफारिश/बक्यौता नरहेको प्रमाणपेस गरेको)।
- गाउँपालिका वा अन्य सरकारी/गैरसरकारी निकायबाट सोही प्रविधि वा उपकरणका लागि हालसम्म कुनै अनुदान नलिएको र परेको खण्डमा कानुन बमोजिम सहने भनी स्वयंघोषणा पत्र पेस गरेको।
- प्रविधि/मेसिनरी राख्न र सञ्चालन गर्नका लागि आवश्यक भौतिक संरचना, जग्गा वा स्थानको सुनिश्चितता भएको।
- गाउँपालिका वा अन्य सरकारी निकायबाट कालोसूची (Blacklist) वा कुनै कारबाहीमा नपरेको उद्यमी/समूह ।

**(ङ) परम्परागत, दलित, अति विपन्न तथा लक्षित समूहका लागि विशेष व्यवस्था:**

- परम्परागत रूपमा सीप/पेशामा संलग्न (जस्तै: कुम्हाले, आरन, आरके/सिलाई, आरन/काठ काम, आरन/माटोका भाँडा, रक्सी बनाउने, बाँस/चोयाको काम आदि), दलित, अति विपन्न वा परम्परागत पेशाकर्मीको हकमा आवेदन दिँदाका बखत फर्म/उद्योग दर्ता नभएको भए तापनि स्वीकार गरिनेछ। तर, प्रविधि हस्तान्तरण स्वीकृत भएपछि गाउँपालिकाको सम्बन्धित शाखा वा वडा कार्यालयमा दर्ता / सूचीकृत हुनुपर्नेछ।

- औपचारिक तालिमको प्रमाणपत्र नभएका तर पुस्तान्तरण वा लामो समयदेखि परम्परागत सीप प्रयोग गर्दै आएका उद्यमीहरूको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिश वा परम्परागत सीप रहेको स्वःघोषणालाई तालिम/योग्यता सरह मान्यता दिइनेछ ।
- अति विपन्न, आमा समूह वा दर्ता नभएका परम्परागत उद्यमीहरूलाई प्रारम्भिक चरणमा PAN/VAT तथा कर चुक्ताको अनिवार्य शर्त लागू हुने छैन। वडा कार्यालयबाट प्राप्त "अति विपन्न/परम्परागत उद्यमी" सिफारिशलाई आधार मानिनेछ।
- लक्षित वर्ग (दलित, अति विपन्न, एकल महिला, अपाङ्गता भएका व्यक्ति) का लागि लागत सहभागिता (Cost Sharing) राख्नुपर्ने अवस्थामा लागत सहभागिताको अंश छुट व्यवस्था गरिनेछ।

**(च) गाउँपालिकाबाट तालिम प्राप्त उद्यमीहरूको हकमा विशेष प्राथमिकता:**

- बिहादी गाउँपालिका वा गाउँपालिकाको साझेदारी/सहकार्यमा सञ्चालित तालिम सफलतापूर्वक सम्पन्न गरेका सहभागीहरूलाई योग्य आवेदक मानिनेछ।
- तालिम पश्चात् गाउँपालिकाले उपलब्ध गराउने प्रविधि/उपकरण प्राप्त गरेपछि अनिवार्य रूपमा सम्बन्धित क्षेत्रमा व्यवसाय सुरु गरी सञ्चालनमा ल्याउनुपर्नेछ।
- पालिकाबाट तालिम प्राप्त गरेका तर उद्योग/फर्म दर्ता नगरेका व्यक्ति वा समूहलाई प्रविधि छनौट भएपश्चात् गाउँपालिकाको सम्बन्धित शाखामा दर्ता / सूचीकृत व्यवस्था मिलाइनेछ।
- छनोट प्रक्रियामा गाउँपालिकाबाट आयोजित सम्बन्धित विषयको तालिम लिई प्रमाणपत्र प्राप्त गरेका आवेदकलाई थप विशेष प्राथमिकता/अङ्क प्रदान गरिनेछ ।

**६. प्रविधि वितरणका लागि छनोट तथा मूल्याङ्कनको आधार (पूर्णाङ्क १००):**

प्राप्त आवेदनहरूमध्ये वास्तविक उद्यमी पहिचान गर्न निम्न अङ्कभारका आधारमा मूल्याङ्कन गरी बढी अङ्क प्राप्त गर्नेलाई प्राथमिकता दिइनेछ:

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **अधिकतम अङ्क** | **विवरण/अङ्क विभाजन** |
|---|---|---|---|
| **क** | **पारिवारिक रोजगारको अवस्था** | **२५** | • परिवारमा कोही पनि सरकारी/संस्थागत स्थायी/करार रोजगारीमा नभएको (पूर्ण बेरोजगार वा कृषिमा आश्रित): **२५ अङ्क** |

| | | | |
|---|---|---|---|
| | | | • परिवारका सदस्य अस्थायी, ज्यालादारी वा वैदेशिक रोजगारीमा रहेको: **१० अङ्क**<br><br>• परिवारका सदस्य स्थायी सरकारी वा राम्रो संस्थागत रोजगारीमा रहेको: **० अङ्क** |
| **ख** | **विगतमा अनुदान प्राप्त गरेको अवस्था** | २५ | • हालसम्म गाउँपालिका वा अन्य निकायबाट कुनै पनि अनुदान/प्रविधि नपाएको: **२५ अङ्क**<br><br>• विगत ३ वर्षअघि सामान्य अनुदान वा छोटो तालिम मात्र पाएको: **१० अङ्क**<br><br>• विगत ३ वर्षभित्र ठूलो सरकारी अनुदान वा प्रविधि प्राप्त गरिसकेको: **० अङ्क** |
| **ग** | **लक्षित वर्ग र समावेशीकरण** | २० | • अति विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, महिला समूह वा वैदेशिक रोजगारबाट फर्केको र सिप भएको युवा: **२० अङ्क**<br><br>• अन्य सामान्य वर्ग: **५ अङ्क** |
| **घ** | **सीप, अनुभव, तालिम प्राप्त र व्यावसायिक योजना** | ३० | • सम्बन्धित विषयमा तालिम प्राप्त, अनुभव भएको र स्पष्ट व्यावसायिक योजना (Business Plan) पेस गरेको: **३० अङ्क**<br><br>• तालिम लिएको तर व्यावसायिक अनुभव नभएको वा भर्खरै कार्य सुरु गर्न लागेको: **१५ अङ्क**<br><br>• सीप/अनुभव नभएको तर इच्छा मात्र व्यक्त गरेको: **५ अङ्क** |

**नोट:** मूल्याङ्कनमा समान अङ्क प्राप्त भएमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा पूर्ण बेरोजगार आवेदकलाई पहिलो प्राथमिकता दिइनेछ ।

**७. अनुदान र लागत सहभागिता (Cost Sharing):**

बिहादी गाउँपालिका
Bihadi Rural Municipality
स्थाः २०७३ Est. 2073
समुन्नत विहादी, सम्मानित विहादीवासी

(क) गाउँपालिकाले आवश्यकता र कार्यक्रमको प्रकृति हेरी शतप्रतिशत अनुदान वा लागत सहभागिता (जस्तै: ७०/३० वा ५०/५० वा ८०/२० प्रतिशत)को आधारमा प्रविधि/उपकरण उपलब्ध गराउन सक्नेछ।
(ख) व्यावसायिक रूपमा ठूला वा व्यक्तिगत रूपमा सञ्चालन हुने मेसिनरीको हकमा कार्यपालिकाले निर्णय गरे बमोजिमको प्रतिशत लागत सहभागिता अनिवार्य गरिनेछ ।

## परिच्छेद-४: प्रविधि व्यवस्थापन, स्वामित्व र दायित्व

**८. उपकरण तथा प्रविधिको स्वामित्व:**

(क) हस्तान्तरण गरिएको प्रविधि/मेसिनरी कम्तीमा ३ वर्षसम्म गाउँपालिकाको निगरानी र अनुगमनमा रहनेछ ।
(ख) सो अवधिभर उक्त उपकरण/मेसिन बिक्री गर्न, भाडामा दिन, बन्धक राख्न वा गाउँपालिकाको स्वीकृतिविना अन्यत्र लैजान पाइने छैन ।
(ग) उपदफा (ख) विपरीत कार्य गरेको पाइएमा वा प्रविधिको दुरुपूपोग/प्रयोगहीन अवस्थामा राखेको देखिएमा गाउँपालिकाले जुनसुकै बखत सो उपकरण/मेसिन/ सामाग्री जफत गरी नियन्त्रणमा लिन सक्नेछ।
(घ) जफत गरिएको उपकरण/मेसिन/ सामाग्री गाउँपालिकाले मूल्याङ्कन समितिको सिफारिशमा अन्य इच्छुक, योग्य वा प्राथमिकता क्रममा रहेका उद्यमी/समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।
(ङ) प्रविधिको दुरुपयोग गर्ने उद्यमी/समूहलाई गाउँपालिकाबाट भविष्यमा दिइने अन्य सेवा-सुविधा, तालिम तथा अनुदानबाट वञ्चित गरी कालोसूचीमा (Blacklist) राखिनेछ ।

**९. मर्मतसम्भार र सञ्चालन दायित्व:**

(क) हस्तान्तरण गरिएको मेसिन/उपकरणको सञ्चालन, विद्युत्/इन्धन महसुल र मर्मतसम्भारको सम्पूर्ण दायित्व सम्बन्धित उद्यमी, समूह वा सहकारीको हुनेछ ।
(ख) उपकरणको उचित प्रयोग र सुरक्षाको जिम्मेवारी लाभार्थी स्वयम्को हुनेछ।

## परिच्छेद-५: मुल्याकंन, छनोट, अनुगमन, नियमन तथा कारबाही

**१०.प्रविधि हस्तान्तरण मूल्याङ्कन समिति:**

(१) प्राप्त आवेदनहरूको प्राविधिक जाँचबुझ, छनोट, मूल्याङ्कन तथा प्रविधि/उपकरणको गुणस्तर कायम गरी हस्तान्तरणको सिफारिश गर्न गाउँपालिकामा निम्न अनुसारको एक **"प्रविधि हस्तान्तरण तथा मूल्याङ्कन समिति"** रहनेछ:

- **संयोजक:** प्रमुख प्रशासकीय अधिकृत
- **सदस्य:** योजना शाखा प्रमुख
- **सदस्य:** लेखा प्रमुख
- **सदस्य:** प्रशासन शाखा प्रमुख
- **सदस्य: भण्डार शाखा प्रमुख**

- **सदस्य:** गाउँपालिकाले तोकेको सम्बन्धित क्षेत्रको प्राविधिक/विज्ञ (आवश्यकता अनुसार)
- **सदस्य-सचिव:** सम्बन्धित विषयगत शाखा प्रमुख

**मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार:**

(क) प्राप्त आवेदन, व्यावसायिक योजना र कागजातहरूको स्थलगत वा कागजी जाँचबुझ तथा मूल्याङ्कन गर्ने ।

(ख) दफा ६ मा तोकिएको १०० अङ्कको मूल्याङ्कन सूचकका आधारमा आवेदकहरूको प्राप्ताङ्क तयार गरी योग्यताक्रम (Merit List) अनुसार स्वीकृतिका लागि गाउँ कार्यपालिका वा उपाध्यक्ष/अध्यक्षसमक्ष पेस गर्ने ।

(ग) खरिद वा हस्तान्तरण गरिने मेसिनरी, प्रविधि तथा उपकरणको न्यूनतम प्राविधिक मापदण्ड (Specifications) र गुणस्तर कार्यपालिकाको स्वीकृत मापदण्ड अनुसार भए/नभएको जाँच गर्ने ।

(घ) प्रविधि हस्तान्तरण गर्नुपूर्व र पश्चात् आवश्यक परेमा स्थलगत निरीक्षण गरी उद्यमीको भौतिक पूर्वाधार र सञ्चालन तयारीको सुनिश्चितता गर्ने ।

**११. प्रविधि तथा उद्यमी छनोट समिति:**

(१) प्राप्त निवेदन/प्रस्तावहरू मध्येबाट उपयुक्त र वास्तविक उद्यमी छनोट गरी स्वीकृतिका लागि कार्यपालिका सिफारिश गर्न गाउँपालिकामा निम्न अनुसारको एक **"छनोट समिति"** रहनेछ:

- **संयोजक:** गाउँपालिका अध्यक्ष
- **सदस्य:** गाउँपालिका उपाध्यक्ष
- **सदस्य:** प्रमुख प्रशासकीय अधिकृत
- **सदस्य:** सम्बन्धित वडाका वडा अध्यक्ष
- **सदस्य:** कार्यपालिका सदस्य (२ जना)
- **सदस्य:** योजना शाखा प्रमुख
- **सदस्य-सचिव:** विषयगत शाखा प्रमुख

**छनोट समितिको काम, कर्तव्य र अधिकार:**

(क) सूचना बमोजिम प्राप्त आवेदन, कागजात र व्यावसायिक कार्ययोजना (Business Plan) को प्रारम्भिक छानबिन गर्ने।

(ख) दफा ६ मा तोकिएको १०० अङ्कको मूल्याङ्कन सूचकका आधारमा आवेदकहरूलाई पारदर्शी रूपमा अङ्क प्रदान गर्ने ।

(ग) शङ्कास्पद वा प्रतिस्पर्धा बढी भएका आवेदनका हकमा आवश्यकता अनुसार टोली खटाई स्थलगत निरीक्षण/जाँचबुझ गर्ने ।

(घ) प्राप्त प्राप्ताङ्कका आधारमा योग्यताक्रम (Merit List) र पर्खाइ सूची (Waiting List) तयार गरी प्रकाशित गर्ने वा आवश्यकता हेरी गाउँकार्यपालिकामा पेश गर्ने ।

**१२. अनुगमन समिति:**

प्रविधि हस्तान्तरण, प्रयोग र सञ्चालनको नियमन गर्न निम्न अनुसारको एक अनुगमन समिति रहनेछ:

- गाउँपालिका उपाध्यक्ष वा तोकिएको कार्यपालिका सदस्य – **संयोजक**
- प्रमुख प्रशासकिय अधिकृत - **सदस्य**
- सम्बन्धित वडाका वडा अध्यक्ष - **सदस्य**
- योजना शाखा प्रमुख - **सदस्य**
- विषयगत शाखा प्रमुख - **सदस्य-सचिव**

**अनुगमन समितिको काम, कर्तव्य र अधिकार:**

(क) प्रविधि हस्तान्तरण गरिएका उद्योग, समूह, फर्म वा उद्यमीको कार्यस्थलमा पुगी कम्तीमा वर्षको दुई पटक वा आवश्यकता अनुसार जुनसुकै समयमा आकस्मिक अनुगमन गर्ने।

(ख) हस्तान्तरण गरिएका मेसिन/उपकरण तोकिएको उद्देश्य अनुसार प्रयोग भए/नभएको, थन्क्याएर राखिएको वा दुरुपयोग गरिएको छ/छैन सोको जाँचबुझ गर्ने।

(ग) अनुगमनका क्रममा देखिएका प्राविधिक समस्या, मर्मतसम्भारको आवश्यकता वा बजार प्रवर्धनका लागि आवश्यक सुझाव तथा परामर्श (Mentorship) प्रदान गर्ने।

(घ)अनुगमनको विस्तृत विवरण, उत्पादनको स्थिति र सुधारका उपायहरू समेटेर आवश्यकता अनुसार गाउँ कार्यपालिकासमक्ष अर्धवार्षिक र वार्षिक अनुगमन प्रतिवेदन पेस गर्ने।

(ङ) प्रविधिको दुरुपयोग गरेको, बिक्री गरेको, बन्धक राखेको वा बन्द गरेर राखेको पाइएमा दफा ११ बमोजिम प्रविधि जफत गर्न वा कालोसूचीमा राख्न कार्यपालिकासमक्ष सिफारिश गर्ने ।

## परिच्छेद-६: विविध

**१३. अभिलेख व्यवस्थापन:**

हस्तान्तरण गरिएका सम्पूर्ण प्रविधि, मेसिनरी र लाभार्थी उद्यमी/समूहको पूर्ण विवरण सम्बन्धित विषयगत शाखा वा स्टोर शाखालले डिजिटल वा रजिष्टर प्रणालीमा अनिवार्य अद्यावधिक राख्नुपर्नेछ ।

**१४. बाधा अड्काउ फुकाउने:**

यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै द्विविधा वा स्पष्टताको कमी भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम र सर्वमान्य हुनेछ ।

आज्ञाले
थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत